# इस्लाम र मसीहतमा गुनाह र प्रायश्चित

कुरआन शरीफमा धेरै यस्ता शव्दहरू छन् जसले (पाप) गुनाहको बारेमा बताउँछ । यि शव्दहरू निम्न प्रकारका छन् :

१. **अल–जनब** : (**अपराध, दुष्कर्म**)

यो शव्द कुरआनमा ३९ पटक प्रयोग गरिएको छ । यो शव्दको खास अर्थ सूरह अल-फतेह ४८:१-२ मा व्यक्त गरिएको छ, जहाँ भनिएको छ, "हे मुहम्मद ! निस्सन्देह हामीले तिमीलाई स्पष्ट विजय प्रदान गरेका छौं । ताकि अल्लाहले तिम्रा पहिले र पछिका पापहरू माफ गरिदिऊन्, तिमीमाथि आफ्नो (फजल) अनुग्रह पूरा गरिदिऊन र तिमीलाई सीधा मार्ग देखाऊन् ।"

२. **अल–फाहशा** : (**निच काम, अपराध, व्यभिचार**)

कुरआनले यस प्रकारको गुनाहलाई यसरी निषेध गर्छ :

"अनि अश्लिल कुराहरूको नजिक पनि नजानु, चाहे त्यो दृश्य होस् वा अदृश्य होस् ।" (सूरह अल-अन्आम ६:१५१)

३. **अल–विर्ज** :

यो शव्दले (गुनाह) पापको बोझलाई जनाउँदछ । जस्तै सूरह अलम्-नश्रह ९४:१-३ मा भनिएको छ, "के हामीले तिम्रो छाति तिम्रोलागि खोलिदिएनौं र ? र हामीले तिमीबाट तिम्रो त्यो बोझ (अल विर्ज) पनि हटाइदियौं, जसले तिम्रो ढाड भाँचिरहेको थियो ।"

यस आयातलाई इमाम फकर अल-राजीले भन्दछ कि जिब्राइल फरिस्ता मुहम्मदकहाँ आए र उनको छाती चिरेर (मुटु) हृदयलाई बाहिर निकाले र त्यसलाई धोइ पखाले र त्यसबाट पापको भारलाई निकाले । अनि यस हृदयभित्र ज्ञान र इमान भरिदिए ।

**४. अल–दलाल :**

यसको अर्थ गुमराह हुनु (बाटो बिराउनु, भट्केर जानु) । सूरह अल- जुहा ९३:६-८ ले भन्दछ, "तिम्रा रबले तिमीलाई यति दिनेछन् कि तिमी प्रसन्न हुनेछौ । के उनले तिमीलाई अनाथ पाएर आश्रय प्रदान गरेका होइनन् र ? र मार्ग नजानेको अवस्थामा तिम्रो पथ प्रदर्शन गरेका होइनन् र ?"

इमाम अल-कालबीले यसलाई (कुफ्र) अविश्वासको पाप पनि भनेका छन् ।

**५. अल–कुफ्र :**

यसको अर्थ खुदामाथि इमान नराख्नु वा नास्तिक हुनु हो ।

कुरआनले इमान्दारहरूलाई सूरह अल-हुजुरात ४९:७ मा यसरी भन्दछ, "अल्लाहले तिमीहरूको निम्ति कुफ्र, पाप तथा अवज्ञालाई तिमीहरूकालागि अप्रिय तुल्याएका छन् ।"

अल- ज़मख़शिरीले यस आयातलाई यसरी व्याख्या गर्छन् :

(क) खुदालाई इन्कार गर्नु कुफ्र हो ।

(ख) झूटो बोल्नु फुसुक हो ।

(ग) अनि अवज्ञा गर्नु अल-उसँया हो ।

**६. अल–जुल्म : (अन्याय, अत्याचार)**

यसरी भनिएको छ, "जब तिम्रा पालनकर्ताले मुसालाई पुकारे - अत्याचारी (अल-जालिमीन) समुदायतर्फ जाऊ ।" सूरह अल-सूरह २६:१०

**७. अल–इस्म : (अपराध, अधर्म)**

कुरआनले भन्दछ, "तिमीहरू दृष्य र अदृष्य पापहरूलाई त्याग । जसले पाप गर्छन तिनीहरूले शीघ्र नै आफूले गरेका

पापहरूको सजायँ पाउनेछन् ।" सूरह अल-अन्आम ६:१२०

**८. अल– फुजुर : (अनैतिक)**

कुरआनमा यसो भनिएको छ, "निस्सन्देह (फाजिर) दुष्कर्महरूको को ठाँउ (नरक) जहन्नम हुनेछ ।" सूरहअल-इन्फितार ८२:१४-१५

**९. अल–खतीअह : (भुल, गल्ती)**

यस बारे कुरआनमा लेखिएको छ, जसले कुनै पाप (अल-खतीअह) वा गल्ती (अल-इस्म) गर्छ अनि त्यसको दोष कुनै निर्दोषमाथि लगाउँछ, उसले निश्चय नै एउटा ठूलो लाञ्छना तथा (अल-बहुतान) प्रस्ट पापको बोझ उठाउँछ ।" सूरह अन्-निसा ४:११२

यस आयतमा ३ गुनाहरूको नाम दिइएको छ । ति हुन : अल-खतीअह, अल-इस्म र अल-बहुतान ।

यसलाई इमाम अल-राजीले यसरी बयान गरेको छ ।

क. अल-खतीअह एउटा सानो गुनाह हो भने अल-इस्म ठुलो गुनाह हो ।

ख. अल-खतीअह एउटा यस्तो गुनाह हो जसले गुनाहगारलाई असर गर्छ तर अल-इस्म एउटा अपराध हो, जो अरूको विरूद्ध गरिन्छ । जस्तै, अन्याय र हत्या जस्ता ठूलो गुनाह ।

ग. अल-खतीअह जानेर वा अन्जानमा गरिनुहुदैन अनि अल-इस्म चाहिँ जानिबुझी गरिन्छ ।

घ. अल-बहुतान एउटा यस्तो गुनाह हो जुन कुनै बेकसुरमाथि झूटा इल्जाम (दोष) लगाइन्छ । बहुतान गुनाह गर्ने माथि (अन्तिम न्याय) आखिरतको समयमा ठूलो सजाय हुनेछ ।

**१०. अल–शर्र : (दुष्कर्म)**

कुरआनले भन्दछ, "जसले कणभर पनि दुष्कर्म गरेको हुन्छ, उसले त्यसलाई देख्नेछ ।" सूरह अज्-जिलजाल ९९:८

अबु-जाफर-अल-तबरीले अब्दुल्लाह बिन उम्र बिन अलआससँग बातचित गर्दै भने, "जब यो सूरह (प्राप्त) नाजिल भयो, तब हजरत अबू-बक्र त्यहाँ मौजुद थिए, अनि यस आयत सुनेर रोए ।" अनि अल्लाहको रसूलले सोधे, "हे अबू-बक्र, कुन कुराले तिमी रोयौ ?" उसले जवाफ दिए, "यस सूरहले" । तब रसूल अल्लाहले भने, "यदि तिमीहरूले गुनाह र खता (भुल) नगरेको भएता पनि अल्लाहले माफ गरिदिनुहुन्छ । अल्लाह यस्तो मानिसलाई सृष्टि गर्नुहुनेछ, जो गुनाह र खता (भूल) गर्नेछन् अनि उहाँले तिनीहरूलाई माफ गरिदिनुहुनेछ ।"

**११. अल–सायीया :**

"जसले दुष्कर्म (अल-सायीया) गर्नेछन्, तिनीहरूलाई उँधोमुन्टो पारी आगोमा होमिनेछ ।" सूरह अन्-नम्ल २७:९०

यो आयातको बारेमा इब्न-अब्बास भन्दछ : जब यो आयात नाजिल (प्राप्त) भयो, तब मुसलमानहरूले यो अति कठिन कुरा महशुस गरे अनि तिनीहरूले मुहम्मदलाई भने, "हामीमध्ये यस्तो को होला जसले कुनै भुल गरेको छैन ? अनि त्यसको हर्जना के हुनेछ ?" तब मुहम्मदले जवाफ दिए, "अल्लाहले एक गुनाहको बदला दस असल काम ठहराउनुभएको छ । अनि एक बुराईको निम्ति एक मात्र सजाय । यसैले एक बुराईको निम्ति एक असल काम घट्नेछ तर नौ वटा चाहिँ बाँकी नै रहनेछ ।"

**१२. अल–सू : (दुष्कर्म, संकट)**

कुरआनमा भनिएको छ, "दुष्कर्म गर्नेले त्यसको सजायँ अवश्य पाउनेछ र त्यसले अल्लाहको विरूद्धमा आफ्नो लागि कुनै समर्थक एवं सहायक पाउने छैन ।" सूरह अन्-निसा ४:१२३

**१३. अल–फसाद : (भ्रष्टाचार, विध्वंस)**

"विध्वंस मच्चाउने मानिस खेती एवं मानिस र पशुलाई विनाश पार्न सक्रिय रहन्छ, र अल्लाह विध्वंस मन पराउदैन ।" सूरह अल-बकरह २:२०५

**१४. अल–फिस्क : (निच, दुराचारी)**

"हामीले तिमीमाथि स्पष्ट आयातहरू (नाजिल) अवतरित गरेका छौ, जसको इन्कार केवल दूराचारीहरूले गर्छन् ।" सूरह अल-बकरह २:९९

**१५. अल–बहुतान : (झूट, निन्दा, महाअभियोग)**

"यसको चर्चा गर्नु हाम्रो निम्ति उचित छैन । हे अल्लाह, तिमी पवित्र छौ । यो त महाअभियोग (अल-बहुतान) हो ।" सूरह अन्-नूर २४:१६

इस्लाममा यस्ता धेरै (अल्फाज) शव्दहरू छन्, जसले गुनाहलाई जनाउछ, तर तिनीहरू सबैलाई यहाँ जिकिर गर्ने ठाउँ पुग्दैन । गुनाहको बारेमा बताउनुभन्दा अघि, कुरआनले शुरूको गुनाह अर्थात आदम र हव्वाले गरेको अदनको बगैचामा गरेको गुनाहले गर्दा सबै मानिस गुनाहगार (पापी) छन् भनि बयान दिन्छ ।

यस बयानलाई प्रमाणित गर्ने धेरै आयातहरू कुरआनमा छन् । यहाँ स्पष्ट र बुझ्न सकिने केही आयातहरू समावेश गरिएको छ :

कुरआनले यसरी भन्दछ, "अनि हामीले भन्यौ -'हे आदम ! तिमी र तिम्री पत्नी दुबै जन्नतमा बस र जहाँबाट जे चाहन्छौ अघाउञ्जेल खाऊ । तर यो रूख नजिक नजानू नत्र भने तिमीहरू अत्याचारी ठहरिनेछौ ।' तर शैतानले दुबैलाई बहकायो र जुन अवस्थामा दुबै थिए त्यसबाट निकाली छाड्यो । र, हामीले भन्यौ - 'यहाँबाट ओर्ल । तिमीहरू दुवै (मानव र शैतान) एक अर्काका दुश्मन हौ । र, तिमीहरूलाई जमिनमा निश्चित अवधिसम्म बस्नु तथा जीविकापार्जन गर्नुछ ।' तब आदमले आफ्ना रबबाट केही शब्दहरू सिके । अल्लाहले उनलाई क्षमा गरे । निस्सन्देह उनी क्षमाशील तथा परम दयालु छन् ।" सूरह अल्-बकरह् २:३५-३७

मुस्लिम (उलमा) विद्वानहरू यस कुरामा भिन्न विचार राख्छन् कि आदम र हव्वा निकालिनुभन्दा अघि उनीहरू कहाँ थिए ।

अबु कासिम अल-बल्खी र अबु-मुस्लिम अल-इस्फहानी अनुसार त्यो ठाँउ जन्नत थियो र त्यो जन्नत यही जमिनमा थियो । उनीहरूले (अल-एहबत) अर्थात पतनले गर्दा एक ठाँउदेखि अर्को ठाँउमा सरूवा हुनुपर्‍यो भनि बयान गरे । तर इमाम अल- जबाई अनुसार यो ठाँऊ सातौं आसमान (स्वर्ग) थियो ।

यो माथिको कुरामा भिन्न विचार भएता पनि यो कुरामा ध्यान दिन आवश्यक छ, कि कुरआनले (किताबे-मुकद्दस) बाइबलसँग सहमत जनाएको छ कि आदम र हव्वाले त्यो बगैंचाको बीचमा भएको फल खाएर बागी भए । त्यो कुन प्रकारको फल थियो भन्ने कुरामा पनि मुस्लिम (उलमा) विद्वानहरू बीच भिन्नता भए पनि बाइबलले बताएको सत्यतासँग कुरआन पनि सहमत जनाउदछ

कि आदम र हव्वालाई त्यो निषेध गरिएको फल खानलाई शैतानले नै बहकाएको थिए, कारण कुरआनले भन्दछ, “शैतानले तिनीहरूलाई बहकाएको थिए” ।

इब्न अब्बासको उद्धरण गर्दै इब्न जरिहले भन्दछन् कि यहाँ “बहकाउनु” को अर्थ शैतानद्वारा फुस्लाउनु हो ।

कुरआनको शिक्षा अनुसार आदम पहिलो नबी हो । इस्लामिक शिक्षा अनुसार नबीहरू (मासुम) निर्दोष र गुनाह नगर्ने हुन्छन् । तर आदमको पतनको बारेमा यो सिद्धान्त लागु गर्न मुश्किल छ । मुश्लिम विद्वानहरूले यो समस्यालाई समाधान गर्न कोशिष गरे र यसलाई यसरी वयान गरे कि जुन समय आदमले गुनाह गरे, त्यो समयमा तिनी नबी थिएनन् । यो घट्ना पछि तिनी नबी बने । तर यस बिचारलाई सबैले स्वीकार गरेनन् ।

अरूहरूले चाहिँ आदम शुरू देखिनै नबी थिए तर तिनको बिर्सने बानी थियो भनि तर्क राख्छन् । तिनीहरूले उसलाई रोजाको समयमा बिर्सेर खानपिन गर्ने मानिससँग तुलना गरेका छन् ।

तर केहीको भनाई अनुसार हव्वाले तिनलाई (शराब) रक्सी पिलाए, जसले गर्दा तिनलाई नशा लाग्यो । यसैले तिनले यो गुनाह शराबको नशामा गरे ।

तर म यो कुरा बुझ्न सक्दिन कि यी विचारहरू कसरी स्वीकार गर्न सकिन्छ जबकि कुरआन आफैले भन्छ कि, “तब आदमले आफ्ना रबबाट केही शब्दहरू सिके । अल्लाहले उनको गुनाहलाई क्षमा गरे । निस्सन्देह उनी क्षमाशील तथा परम दयालु छन् ।” सूरह अल्-बकरह् २:३७ । यस आयातले स्पष्ट रूपमा

बताउँदछ कि आदम जानी बुझी गुनाहमा फसे । बाइबलले पनि यही भन्दछ कि आदमले जानीबुझी गुनाह गरेको भएतापनि तिनले हव्वालाई दोष लगाउने कोशिष गरे ।

यसैले धेरै मुस्लिम (उलमा) विद्वानहरूले यो कुरामा सहमत छन् कि आदमले जानी बुझी सो फल खाए ।

इमाम तबरीले इब्न-जैदलाई उद्वरण गर्दै यो बयान गरेका छन् कि अल्लाहले तिनीहरूलाई यो आयात सिकाए, "हे रब, हामीले गुनाह गरेको छौं । यदि तपाईले माफी दिनुभएन भने र रहम (कृपा) गर्नुभएन भने, हामी निश्यच गुमराह हुनेछौ ।"

यसै आयातको सिलसिलामा-मुस्सा-बिन-हारूनले यसरी बयान गरेका छन्, "आदमले तिनको रबलाई सोधे, 'के तपाईले मलाई आफ्नै हातले बनाउनुभएको होइन र ?' तिनको रबबाट हो भन्ने जवाफ पाए । तब आदमले फेरी सोधे, 'के तपाईले मभित्र तपाईको (आत्मा) रूह फुकिदिनुभएन र ?' तिनले हो भन्ने जवाफ पाए । फेरी आदमले सोधे 'के तपाईको रहम (कृपा) तपाईको (गजब) क्रोधभन्दा बढी छैन र?' तिनले हो भन्ने जवाफ पाए । त्यसपछि तिनले भने, 'हे मेरो मालिक ! के तपाईलाई पहिल्यै थाहा थियो कि म यो गुनाह गर्नेछु ?' तिनले हो भन्ने जवाफ पाए । त्यस पछि तिनले भने, 'हे मेरो मालिक ! यदि मैले (प्रायश्चित) तौबा गरे भने, के तपाई मलाई फेरी (स्वर्ग) जन्नतमा आउन दिनुहुन्छ ?' तिनको मालिकबाट 'अवश्य दिन्छु' भन्ने जवाफ पाए ।"

अल्लाहले तिनलाई भने, "त्यसपछि तिनका रबले तिनलाई चुने अनि तिनको प्रायश्चित (तौबा) कबुल गरे र तिनलाई मार्गदर्शन गरे ।"

अर्को बयानमा इब्न-बशारले यो इब्न रफीको भनाईलाई उद्धरण गर्दै भने कि, "आदमले अल्लाहसँग सोधे, 'हे मेरो मालिक ! जुन गुनाह मैले गरे, के त्यो म सृष्टि गरिनुभन्दा अघिनै पूर्व निर्धारण गरिएको थियो वा त्यो गुनाह मैले आफैले आविस्कार गरे ?' अल्लाहले तिनलाई जवाफ दिए, 'तिमी सृष्टि गरिनुभन्दा अघिनै पूर्व निर्धारण गरिएको थियो ।' त्यसपछि आदमले भने, 'यदि तपाईले पूर्व निर्धारण गर्नुभएको थियो भने, कृपया मलाई माफ गरिदिनुहोस्' । यसैले "तिनका रबबाट वाणी पाए" भन्ने आयात नाजिल (प्राप्त) भयो ।

यी सबै बयानहरूले यो कुरालाई पृष्टि गर्छ कि आदमले गुनाह गरे र तिनले खुदासँग आफ्नो गुनाह कबुल गरे ।

**आदमले गरेको गुनाहबारे सातवटा धारणाहरू छन् :**

१. आदम अनाज्ञाकारी थिए र अनाज्ञाकारिता (नफरमानी) दुई कारणले गर्दा ठुलो गुनाह हो । पहिलो कारण कुरआनमा भनिएको छ, जसले अल्लाह र तिनको नबीप्रति अनाज्ञाकारीता देखाउछ, तिनीहरू (नरक) दोजखको आगोमा पर्नेछन् । दोस्रो कारण, "अनाज्ञाकारी" शव्द एउटा यस्तो शव्द हो जुन ठूलो गुनाह गर्नेहरूलाई मात्र प्रयोग गरिन्छ ।

२. आदमको पतनको घटनाले यो देखाउछ कि आदम बहकाउमा परे अनि बहकिनु चाहिँ सही मार्गदर्शन विपरीत हो ।

३. आदमले आफ्नो गुनाह कबुल गरी माफी मागे । त्यो व्यक्तिले मात्र माफी माग्छ, जसले भूल (खता) गरेको छ । प्रायश्चित गर्ने व्यक्ति आफूले गरेको गुनाह प्रति दुखित हुन्छ र त्यो गुनाह कबूल गर्छ ।

४. अल्लाहले मनाई गरेको कुरा आदमले गरे अनि सजायको

भागिदार बने । कुरआनले भन्दछ, "मनाही गरिएको काम गर्नु नै गुनाह हो ।"

५. कुरआनको एउटा आयात अनुसार आदम (जालिम) अपराधी बने, कारण उनी आफैले यो कबूल गरी भने, "हे रब ! हामीले आफै विरूद्ध (जुल्म) अन्याय गर्ने, अपराधी बन्यौ" । अपराध गर्ने मानिस श्रापित हुन्छ कारण कुरआनले भन्दछ, "निश्चय नै अपराध गर्नेहरूमाथि अल्लाहको श्राप पर्नेछ ।" अनि त्यो श्राप ठूलो गुनाह गर्नेहरूमाथि रहन्छ ।

६. आदमले यो कुरा स्वीकार गरे कि यदि अल्लाहले उनलाई नछुटाउन भएता, ऊ सरासर घाटामा जाने थिए र सही मार्गबाट भट्केर जाने थिए । यस भनाईले आदमको गुनाह ठूलो थियो भनि साबित गर्छ ।

७. आदम र हव्वालाई जन्नतबाट निकाला गरियो कारण तिनीहरूले शैतानले भनेको कुरा माने र खुदाको कुरालाई वेवास्ता गरे । यसैले सजाय स्वरूप तिनीहरू जन्नतबाट निकालियो । यसले यो साबित गर्छ कि तिनीहरूको गुनाह ठूलो हो ।

जब (इब्लिस) शैतानले छल गरेर आदम र हव्वालाई मनाई गरेको फल खान उस्काए, तब शैतानको कुरा मानेर त्यो फल खाए । तिनीहरूले खाइसकेपछि आफ्नो नाङ्गोपन देखि लाजले खोक्रो रूखभित्र लुके । जब तिनको रबले तिनलाई सोधे, "हे आदम ! तँ कहाँ छस् ?" तब तिनले जवाफ दिए, "मेरो मालिक ! म यहाँ छु ।" अनि अल्लाहले तिनलाई सोधे, "तँ किन बाहिर निस्कदैनस् ?" अनि तिनले जवाफ दिए, "हे मेरो मालिक ! तपाईको सामून्ने आउन मलाई लाज लाग्छ ।" अल्लाहले भने, "त्यो जमिन जसबाट तँ

बनिएको थियो, अब श्रापित भएको छ र त्यो जमिनको फल अब काँडामा परिणत हुनेछ ।" तब खुदाले भने, "ए हव्वा, तैले मेरो दास आदमलाई बहकाइस्, यसैले तैले पिडा र कष्टमा बच्चा जन्माउनेछस् । त्यो प्रसव वेदनाको समयमा तँ मृत्युको मुखमा पुगेको महशुस गर्नेछस्" । त्यो साँपलाई पनि अल्लाहले भने, "तँद्वारा शैतानले आदमलाई गुनाहमा फसाएको हुँदा तँ पनि श्रापित छस् र तेरो खुट्टा तेरो पेटभित्र जानेछ र तेरो खाना माटो हुनेछ । तँ र मानिसबीच दुश्मनी हुनेछ । तैले त्यसलाई देख्दा त्यसको खुट्टा डस्नेछस् र त्यसले तँलाई देख्दा तेरो शिर कुल्चनेछ ।"

इस्लामिक (उलमा) विद्वानहरूको जमातले भन्दछ कि आदम र हव्वा बगैंचामा जादै गर्दा शैतान तिनीहरूलाई कुरेर बसिरहेका थिए । तब त्यसले तिनीहरूसँग कानेखुसी गरे ।

कुरा जे भएता पनि कुरआनले आदम (पापी) गुनाहगार थिए भनि स्पष्ट पार्छ । सूरह ता–हा २०:१२०-१२१ ले भन्दछ कि आदम गुमराह र गुनाहगार भए किनकि तिनले तिनको रबको आज्ञा उल्लंघन गरे । "गुमराह हुनु" भन्नाले भट्किएर जानु र गल्ती गर्नु भन्ने भन्ने जनाउछ । यस किसिमको गुनाहले त्यो मानिसलाई जनाउछ जसले सँच्चाईको मार्गलाई त्यागेको छ । इमाम अल-बाहली भन्छन् कि आदमको पतनको घटना (अजिबो-गरिब) अचम्मको छ कारण अल्लाहले आदमभित्र आराम र चैनको चाहना राखिदिनुभयो । यो कुरा सूरह ता–हा २०:११७-११९ मा पाइन्छ, जहाँ भनिएको छ "शैतानले तिमीहरूलाई जन्नतबाट ननिकालोस् अन्यथा तिमीहरूले दुख भोग्नेछौ_ कारण यहाँ तिमीहरूलाई तिर्खा तथा घामले सताउने छैन ।"

शैतानले पनि आदमलाई यही कुरा भनेर फसाए कि त्यसको कुरा मान्यो भने अर्थात त्यो मनाही गरेको फल खायो भने, आदमले आराम र चैनको जिन्दगी पाउनेछ ।

यसले यो साबित गर्छ कि इस्लामिक (उलमा) विद्वानहरूले आदमको गुनाहलाई जतिसुकै ढाकछोप गर्न खोजे पनि कुरआन आफैले जाहेर गर्छ कि, "आदमले तिनका रबप्रति (अनाज्ञाकारिता) नफर्मानीको गुनाह गरे र तिनी गुमराहमा परे ।" तर यी सबै ( उलमा) विद्वानहरू यस कुरामा सहमत छन् कि विद्रोह एक गुनाह हो र "विद्रोही" शव्दले ठूलो गुनाह गर्ने व्यक्तिलाई जनाउछ, जो ठूलो सजायको भारिदार बन्छ ।

२. (**मसिहत**) **ईसाईत्वमा पाप**

मानवजातिको इतिहासमा पापचाहिँ जतातत‌ै व्यप्त छ भनि स्पष्ट रूपमा देख्न सकिन्छ । ती मानिसहरू जसले कहिल्यै (खुदाई) ईश्वरीय प्रकाशरूको ज्योति प्राप्त गरेको छैन, तिनीहरू पनि पापप्रति सचेत हुन्छन् र आफ्नो कमजोरी र असमर्थतालाई स्वीकार गर्छन् । धेरै मानिहरूले सोचे जस्तै पाप केवल लज्जास्पद व्यवहार मात्र होईन, हाम्रो सृष्टिकर्ता (परमेश्वर) खुदा र उहाँको मुल उदेश्यबाट टाढा हुनु हो । खुदाबाट टाढा हुनु भनेको दुष्कर्मप्रतिको झुकाव मात्र होईन तर असल कुराबाट अलग हुनु हो ।

प्राकृतिक मानिसले पापको शक्ति र यसले मानिसमा प्रभाव पार्न सक्ने शक्तिलाई बुझ्न सक्दैन भन्ने अनुभवले प्रमाणित गरेको छ । एक ईसाईसँग (खुदाई) इश्वरीय नियम हुन्छ, जसले उसलाई मसीहकहाँ डोऱ्याउछ । मसीहले मानिसलाई (फजल) अनुग्रह दिनुभयो, त्यसैले उहाँलाई पापको वास्तविकता र यसले मानिसलाई फकाई फुस्लाई भ्रष्टताको अवस्थामा पुर्‍याउने प्रभावको

बारेमा राम्ररी थाहा छ । मानवजातिलाई इश्वरीय (फजल) अनुग्रहको आवश्यक्ता छ भनि मसीह जान्नुहुन्छ यसैले पापको दण्डबाट बचाउननको निम्ति प्रायश्चितको रगतको रूपमा उहाँले आफ्नो रगत (क्रूस) सलीबमा बगाउनुभयो । पाप गर्नु नै खुदाको (सरियत) व्यवस्था भङ्ग गर्नु हो (१ यूहन्ना ३:४) । पापीको जे बाहाना भए पनि वा जति नगन्य पाप भए पनि त्यो खुदाको लागि अपमानजनक नै हुन्छ ।

## २.१ **संसारमा पापको आगमन**

हामी रोमी ५:१२ पढ्छौ कि, "एक जना मानिसद्वारा संसारमा (गुनाह) पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।" यहाँ रसूल पावलको भनाई यो हो कि सबै मानिस पापी हुनुको मुख्य कारण चाहिँ आदम हो, जो मानवजातिका पिता थिए । रसूल पावल "एउटा मानिसद्वारा" भन्ने शब्द प्रयोग गर्छन् जसले उत्पति ५:२ मा उल्लेख गरेझैं आदम र हव्वालाई देखाउँछ । रसूल पावलले यहाँ साँपद्वारा गरिएको परीक्षा र हव्वाको अनाज्ञाकारिताको बारेमा उल्लेख गर्दैन तर यो भनाईमा उसको उदेश्य चाहिँ आदमले उसका सबै सन्ततिहरूलाई प्रतिनिधित्व गऱ्यो भनि देखाउँनु हो ।

केही (उलमा) विद्वानहरू भन्छन् कि मानिस जन्मिदा निर्दोष हुन्छ र यदि उ भ्रष्ट वातावरणमा बस्छ भने यसले उसलाई प्रभावित पार्छ र पापले उसलाई चलाउँछ । सत्य चाहिँ यो हो कि मानिस पापी स्वभावमा जन्मेको हुन्छ । एउटा भ्रष्ट वातावरणले पापलाई बढ्न सहायता गर्न सक्छ तर मानिसको हृदय पापले भरिपूर्ण हुन्छ ।

**पाप एउटा पुर्खाबाट आएको हो ।**

हामीलाई थाहा छ कि एउटा जीवित प्राणीले आफुभन्दा फरक सन्तान उत्पादन गर्न सक्दैन । एउटा गाईले भेडाको बच्चा जन्माउदैन । यो नियम मानिसमा पनि लागु हुन्छ । मानव जातिको पिता आदमले उसको अनाज्ञाकारिताद्वारा उसको धार्मिकता गुमायो । उसले गरेको गुनाहको सजाय स्वरूप ऊ अदनको बगैचाबाट निकालियो । त्यसपछि उसले सन्तान जन्मायो र बगैचाको पवित्रताको बारेमा उसको सन्तानहरूले केही पनि थाहा पाएनन् ।

बाइबलले मानिसको पापी अवस्थाबारे भजनसंग्रह ५१:५ मा दाऊदको शब्दहरूमा यसरी बयान गर्छ "साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ ।" रोमी ३:१०-१२ मा रसूल पावलले पनि भन्दछ, "धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, खुदालाई खोज्ने कोही छैन । ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन ।"

अगस्टिन भन्ने एक जना ईसाई (उलमा) विद्वानले मानिसको पतन र आदमबाट सरिआएको पापको विषयमा बाइबलीय शिक्षालाई यसरी व्याख्या गरेका छन् :

१. खुदाले पहिलो मानिसलाई उहाँको आफ्नै स्वरूपमा, ज्ञानमा, धार्मिकतामा र पवित्रतामा सृजनुभयो । उहाँमा र अरू सृष्टि गरिएका थोकहरूको जिम्मेवारी प्रति समर्पित हुनलाई र अमर हुनलाई छान्नुभयो । आदमको नैतिक स्वभाव निश्चित गर्नको लागि खुदाले आदमलाई असल वा खराब छान्ने शक्ति दिनुभयो ।

२. उहाँले आदमलाई आफ्नै तरिकाले छनौट गर्न अनुमति दिनुभयो, जब आदम शैतानद्वारा परीक्षित भए तब उसले खराबलाई नै छानेर खुदाको विरूद्धमा पाप गरे । ऊ जीवनबाट पतन भए, जसको लागि ऊ सृजिएको थियो ।

३. उसको अनाज्ञाकारिताको फलस्वरूप, उसले (खुदाई) इश्वरीय स्वरूप गुमायो र उसको सम्पूर्ण स्वभाव भ्रष्ट र विनाश भएको थियो । अब आत्मिक रूपमा मृत भएपछि, ऊ असल काम गर्नको लागि असमर्थ भयो । ऊ शारीरिक मृत्युको भागिदार बने र जीवनको सबै दुष्टता र खराबीबारे जानकारी प्राप्त गरे ।

४. त्यसकारण, आदम जसरी पतित भए त्यसरी नै सबै मानव जाति, उसको सन्तति भएको कारणले उनीहरू पनि पतित भएका छन् । उनीहरू पापको दोषी भएर, खुदाको स्वरूप बिना र नैतिक रूपमा भ्रष्ट भएर जन्मिए ।

५. यो काममा पाप नभए पनि व्यक्तिमा निहित पुर्ख्यौली भ्रष्टता चाहिँ एकदम पापको स्वभाव हो ।

६. आदमको पापको परिणाम स्वरूप उसले साँचो धार्मिकता गुमाए र भ्रष्ट जीवनले गर्दा पापको सजाय मृत्यु पाए ।

७. मसीहमा भएको नयाँ जीवन चाहिँ (रूहुल कुद्दुस) पवित्र आत्माको आश्चर्यको काम हो । यो नयाँ जीवन खुदाको इच्छासंग सम्बन्धित छ । मानिसले खुदाई (फजल) अनुग्रहबाट मात्रै नजात प्राप्त गर्छ ।

### २.३ मानिसमा पापको प्रभाव

एक अंग्रेज वैज्ञानिक हक्सलीले भनेका छन्, "मलाई थाहा

भए अनुसार, मानवजातिको विकाशक्रमभन्दा पनि गहन अध्ययन चाहिँ मानिसको पतन र आत्मिकी दुर्दशाको अवस्थाको अध्ययन हो । इतिहासले हामीलाई बताउँछ कि मानिस सधैं एउटा यस्तो नकारात्मक असरको दास बनेको छ, जसले उसमा नराम्रो गरि अड्डा जमाएको छ । उ गुनाहमा अन्धो भएको छ र यसले उसको विवेकलाई खराबी र दुर्ष्कमको शिकार बनाएको छ अनि गुनाहले उसलाई बिनासतर्फ लैजान्छ । यसले उसलाई अन्तहीन चिन्ता र बोझको दल-दलमा फसाउँछ अनि अन्तिम समयसम्म मानसिक तनाब र शारिरीक कमजोरीको कष्ट र वेदनाद्वारा सताईराख्छ । मानिसको अवस्था हजारौं वर्षदेखि अहिलेसम्म जस्ताको त्यस्तै छ । उ आफ्ना सँगी मानिसहरूलाई दुख र सतावट दिन्छ अनि पछि पछुतो गरी विलाप गर्दै तिनीहरूको चिहान (कब्र) बनाउछ ।"

के कसैलाई पापको प्रभाव महसुस गर्न माथि बताइएको जस्तै अरू गवाहीको आवश्यक्ता पर्छ ? के उसको आफ्नो हृदयको गहिराईमा हेरी, उसको जीवनमा भएको कमी कमजोरीहरू, अनि दुष्कर्महरू पत्ता लगाउन सक्दैन र ? अनि खुदाको व्यवस्था (शरीयत) विपरीत कार्य गर्दा उसको विवेकले उसमा पापले बास गरिरहको छ भनि महसुस गराउदैन र ?

यो कुरा बुझ्नको लागि हामीले मानव समाजलाई नियाल्न नै काफी छ । जसरी जबूर १४:१ ले मानव समाजको बारेमा भन्दछ, "तिनीहरू सबै भ्रष्ट भएका छन्, तिनीहरू नीच काम गर्छन् ।" र यशैया ५३:६ मा पनि भनिएको छ कि "हामी सबै भेडा झैं बरालिएका छौ । हामी हरेक आफ्नै बाटोतिर लागेका छौ ।"

आदम पतन हुनुभन्दा अगाडी खुदाको स्वरूपमा थियो, तर अब छैन । हरेक मानिसमा अब पापले बास गरेको छ । व्यक्तिगत पछुतो भए पनि नैतिक व्यवस्थालाई कायम राख्न नसक्नु चाहिँ भ्रष्ट स्वभाव भएको मानिसको प्रमाण हो । यो एउटा पतित अवस्था र असफलताको संकेत हो । उसले (रूहुल कुद्दुस) पवित्र आत्माद्वारा खुदाबाट सहायता लिनु पर्छ ।

हाम्रोलागि यो एउटा स्पष्ट प्रमाण हो कि मानिसको (रूह) आत्मा साँचो धार्मिकता अर्थात रास्ताबाज बिना रित्तो छ जुन मानिसमा पतन हुनुभन्दा अगाडी थियो । यी बर्षहरूमा अपराधको इतिहास हेर्ने हो भने यो निश्चित प्रमाण पत्ता लगाउन पर्याप्त हुन्छ कि मानिसले (खुदाई) इश्वरीय स्वभाव गुमाएको छ र भ्रष्टताको स्वभावलाई अंगालेको छ । मानिसको दुष्ट स्वभाव पहिलो पटक आदमको छोरा कयिनमा देख्छौ । उसले आफ्नै भाइ हाबिललाई माऱ्यो । किन कयिनले भाइलाई माऱ्यो ? के कयिन दुष्ट भएर होइन र ? किन हामी एक अर्कासंग झगडा गर्छौं ? के हामीभित्र पापले जरा गाडेको कारण होइन र ? किन एक राष्ट्र अर्को राष्ट्रसंग युद्ध गर्छ ? के यो हरेकमा पापको असर गर्दा होइन र ?

### २.४ **पापको ज्याला (मज्दुरी)**

उत्पति २:१७ मा खुदाले आदमलाई भन्नुभयो, "तर असल र खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानू, किनभने जुन दिन तैले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।" र रोमी ६:२३ मा भनिएको छ कि "पापको ज्याला मृत्यु हो ।" आदम र हव्वा आत्मिक रूपमा  मरे जब तिनीहरूले पाप गरे, खुदाबाट टाढिए

र खुदासंगको (पाक) पवित्र आत्मिक संगति गुमाए । तिनीहरूले खुदाको उपस्थितिमा रहने इच्छा पनि गुमाए र बगैचाको रूखहरूमा लुके । तिनीहरूले केही वर्ष पछि शारीरिक कमजोरी वा बिरामी भएर खुदाको चेतावनी सम्झे पनि होला जुन उहाँले उत्पति ३:८ मा भन्नुभयो, "किनभने जुन दिन तैले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।"

अवश्य नै यसले पापको परिणाम आमने सामने हेर्नलाई सचेत गराईरहेको छ । तर के पहिलो परिवारले यसको सबै अबसर गुमाए ? के पहिलेको बगैचामा फर्किन सक्ने मानव जातिको आशा हराएको छ, जुन पापको परिणाम स्वरूप गुमेको थियो ? के उसको पवित्रता सधैको लागि अलग्गिएको हो ? होइन ! किनभने खुदा प्रेम हुनुहुन्छ र उहाँको प्रेम करूणामा धनी छ र उहाँमा महान् क्षमादान छ । प्रेमपूर्ण दयाको साथ उहाँको हृदयलाई फर्काउनुभयो कारण उहाँ दुष्ट मानिसको मृत्युमा खुशी हुनुहुन्न । उहाँ इसा मसीहको रूपमा मानव जातिको मुक्तिदाता र उद्धारकर्ता बन्नुभयो जो आदिमा खुदासंग हुनुहुन्थ्यो । आदम र हव्बाको नाङ्गोपन ढाक्नु, छालाको बस्त्र पहिराईदिनु खुदाको प्रेमले गरेको पहिलो कार्य थियो (उत्पति ३:२१) । यसरी खुदाले प्रायश्चितको करारको सिद्धान्तलाई आफै शुरू गर्नुभयो ।

**ईस्लाममा प्रायश्चित (कफ्फारा)**

कुरआनमा १४ आयातहरू छन् जसले गुनाहको माफी अर्थात मगफिरतको बारेमा बताउँछ । यस विषयमा कुरआनको सुरह अल-बकरह् २:२७१ मा बताइएको छ, जहाँ भनिएको छ, "तिमीहरूले जाहेर गरेर दान (जकात) गर्छौ भने यो राम्रो हो तर यदि तिमीहरू त्यसलाई गोप्य राख्छौ अनि गरिबहरूलाई दिन्छौ भने तिमीहरूको

लागि यो झन् राम्रो हो । अल्लाहले तिम्रा पापहरू माफ गरिदिनेछन् ।"

इस्लामिक (उलमा) विद्वानहरूको भनाई अनुसार गुनाहको माफी अर्थात मगफिरतले कुनै कुरालाई ढाक्नु वा छोप्नु भन्ने बुझाउछ । यो भनाई पुरानो (नियम) अहदनामाको भनाईसँग मिल्छ । यो सत्य हो कि यहूदी र इस्लाम धर्मले गुनाहको माफीको निम्ति व्यक्तिगत असल काम गर्नुपर्छ भन्ने कुरालाई जोड दिन्छ । यो कुरालाई सूरह हुद ११:११४ ले पुष्टि गर्छ, "नमाज कायम गर, दिनको दुवै किनारा तथा रातका विभिन्न पहरहरूमा । निस्सन्देह पुण्यकर्महरूले पापहरूको निवारण गर्छन् ।"

कुरआनको अर्को (आयत) खण्डले पनि गुनाहको माफीको निम्ति असल काम गर्नुपर्छ भनी व्यक्त गरेको छ, जुन सूरह अल्-अअ्राफ ७:८-९ मा बताइएको छ, "अन्तिम न्यायको दिन तौल ठीक ठीक हुनेछ । अनि जसको असल कर्मको पल्ला गह्रौं हुनेछ तिनीहरू नै सफल हुनेछन् । अनि जसका पल्ला हलुका हुनेछ, तिनीहरू नै स्वयंलाई घाटामा पार्नेहरू हुन् किनभने तिनीहरू हाम्रा आयतहरूसँग अन्यायपूर्ण व्यवहार गर्ने गर्थे ।"

यहाँ भन्न खोजिएको कुरा चाहिँ यो हो कि इस्लामको शिक्षा अनुसार न्यायको समयमा असल र खराब कामहरू तराजुमा जोखिनेछ र जुन कामको तौल ज्यादा हुनेछ, त्यसै अनुसार इनाम वा सजाय प्राप्त हुनेछ ।

**ति असल काम अर्थात धर्मकर्महरू यस प्रकारका छन् :**

**क. रोजा र मगफिरत (क्षमादान)**

सूरह अल्-अह्जाब ३३:३५ ले भन्दछ कि पुरूष र स्त्रीहरू

जो रोजा राख्छन्, तिनीहरूका लागि क्षमा र महान् इनाम राखिएको छ । कुरआनले यो पनि भन्दछ कि, "दुई महिनाको (उपवास) रोजाले हत्याको पापबाट क्षमादान पाइन्छ ।" सूरह अन्-निसा ४:९२

**ख. हज र पापको क्षमादान**

सूरह अल्-बकरह् २:१५८ मा भनिएको छ कि हज (तिर्थयात्रा) गर्नेहरूमाथि कुनै आपत्ति आउनेछैन । यसको अर्थ अल्लाहले स्वेच्छा रूपमा हजमा जानेहरूको असल काम कबूल गर्नुहुन्छ ।

**ग. जकात र क्षमादान**

यसो भनिएको छ कि "जसले दुआ चढाउछन् र जकात दिन्छन् र जकात दिन्छन्, तिनीहरूले अल्लाहबाट इनाम पाउनेछन् र तिनीहरू कुनै कुरादेखि डराउनु पर्नेछैन् र तिनीहरू अफसोस गर्नेछैन ।"

यसको अर्थ जकात दिनेहरू (न्याय) आखिरतको समयदेखि डराउनु पर्नेछैन ।

**घ. जिहाद र क्षमादान**

सूरह अल-बकरह २:२१८ मा लेखिएको छ, "जसले ईमान ल्याए, हिजरत गरे र अल्लाहको मार्गमा जिहाद गरे, तिनीहरू नै अल्लाहका कृपाका पात्रहरू हुन् र अल्लाह अति क्षमाशील एवं दयावन छन् ।"

यहाँ भनिएअनुसार जिहाद गर्नाले अल्लाहबाट कृपा (रहम) प्राप्त हुनेछ ।

**ङ. कुरआन पाठ र गुनाहको माफी (क्षमादान)**

सूरह अल-अअ्राफ ७:२०४ मा भनिएको छ कि, "जब

कुरआन पाठ गरिन्छ तब त्यसलाई ध्यानपूर्वक सुन्ने गर तथा मौन धारण गर, ताकि तिमीहरूमाथि दया (रहम) गरियोस् ।"

यस आयातले यो पुष्टि गर्छ कि कुरआन पाठ गर्नाले धर्म कमाइन्छ र अल्लाहबाट गुनाहको माफी (क्षमादान) पाईन्छ ।

**च. कलमा अर्थात शहादत र गुनाह्को माफी (क्षमादान)**

अबु हुरैराले बताउँदछ कि एक दिन अबूजरले मुहम्मदसँग सोधे, "हे रसूल ! मुसलमानले कसरी नजात (मुक्ति) प्राप्त गर्छ ?" तब मुहम्मदले जवाफ दिए कि जसले मुहम्मद अल्लाहको रसूल हो भनि कबूल गर्छ, त्यसले नजात (मुक्ति) पाउनेछ ।

**छ. अल्लाह्को (मर्जी) इच्छा र गुनाह्को माफी**

सूरह आले-इम्रान ३:१२९ मा लेखिएको छ, "आसमान र जमीनमा भएको सबैथोक अल्लाहकै हुन् । उनी जसलाई चाहन्छन् क्षमा (माफी) गर्छन् र जसलाई चाहन्छन् सजाय दिन्छन् ।"

यसले यो कुरालाई पुष्टि गर्छ कि धर्मकर्मले होइन तर अल्लाहको इच्छाले नै गुनाहको माफी पाइन्छ कारण यदि अल्लाहको इच्छा भएन भने जति सुकै धर्मकर्म गर्ने मानिस पनि (जहन्नुम) नरकमा जान सक्छ र अल्लाहको इच्छा भयो भने, एउटा गुनाहगार मानिस पनि अल्लाहको क्षमादान प्राप्त गरी (जन्नत) स्वर्गमा प्रवेश गर्न सक्छ ।

यस किसिमको विचार (किताबे-मुकद्दस) बाइबलको ठीक विपरीछ छ, कारण बाइबलले गुनाहको प्रायश्चितको निम्ति कुर्बानीको माग गर्दछ । यो प्रावधान अर्थात रगतको कुर्बानी बाइबलको शुरू देखि अन्त्यसम्म छ । इब्रानीको किताब ९:२२ ले भन्दछ, "रगत नबगाइकन गुनाहको माफी असम्भव छ ।"

खुदा जो (कामिल) सिद्ध हुनुहुन्छ, उहाँको सच्चाँई र न्यायको आधारमा एक गुनाहगारलाई, उहाँको आफ्नै इच्छामा माफी दिन सक्नुहुन्न । जस्तो इजकिएलको किताब १८:४, २० मा लेखिएको छ, "गुनाह गर्ने जरूर मर्नेछ" । यदि खुदा एक (पापी) गुनाहगारलाई माफी दिन चाहनुहुन्छ भने त्यहाँ कुनै कारण हुन आवश्यक छ, एउटा यस्तो कारण जसले खुदाको न्यायलाई सन्तुष्ट पार्छ । पुरानो (अहदनामा) नियममा खुदाको न्यायलाई सन्तुष्ट पार्न भेडा, बोका, थुमा जस्ता जनावरहरूलाइ कुर्बानी दिइन्थ्यो । खुदाले यी कुर्बानीहरूलाई कबूल गर्नुभयो कारण तिनीहरूले इसा मसीहको कुर्बानीलाई संकेत गर्दछ, जुन नयाँ (अहदनामा) नियममा खुदाको (फजल) अनुग्रहको निम्ति मसीह सलीबमा (कुर्बान) बलिदान हुनुभयो । उहाँको यस कुर्बानीले खुदाको न्यायलाई सधैंको निम्ति सन्तुष्ट पार्‍यो र मसीहले सबै विश्वासीहरूलाई (कामिल) सिद्ध तुल्याउनुभयो । यसरी जबूर ८५:१० मा लेखिएको कुरा पूरा भयो, "प्रेम र विश्वास्तता आपसमा मिल्छन्, धार्मिकता र शान्तिले एक-अर्कालाई चुम्बन गर्छन् ।"

**५. मसीहत अर्थात इसाईत्वमा प्रायस्चित**

प्रायस्चितको अर्थ गुनाहलाई ढाक्नु वा छोप्नु हो । इसाईत्वमा यसले मसीहको कार्यलाई संकेत गर्छ, जसको सिद्ध आज्ञाकारिताद्वारा सबै मानिसहरूलाई (शरियत) व्यबस्थाको श्रापबाट मुक्ति दिनुभयो र (क्रूस) सलीबमा बहाउनुभएको रगतद्वारा खुदासंग मिलाप गराउनुभयो । यो विषयमा १ पत्रुस ३:१८ मा रसूल पत्रुसले भन्छ, "किनभने हामीलाई खुदाकहाँ ल्याउन मसीह पनि पापहरूका निम्ति सदाको लागि एक चोटी मर्नुभयो । धर्मी जन

अधर्मीहरूका निम्ति, जसले हामीलाई खुदाकहाँ ल्याउन सक्छ ।"
मसीहको प्रायश्चितको मुल्य चाहिँ खुदाको अनन्तीय पुत्रको व्यक्तित्वमा आधारित छ ।

मसीहको प्रायश्चितलाई बिभिन्न कोणहरूबाट हेरौ : पहिलो, यसको खुदासंगको सम्बन्धमा, उहाँको प्रेम, न्याय र पवित्रपनको संम्बन्धमा अनि त्यसपछि यसको मानिससंगको सम्बन्धमा । ईसाईत्वमा प्रायश्चित मानिसको पापको मुल्य हो र पापीहरूलाई व्यवस्थाको श्रापबाट बचाउन र पापको दोषबाट हटाउनको लागि मसीहको (कुर्बानी) बलिदानको स्पष्ट घोषणा हो । त्यसको अर्थ चाहिँ मसीहको कुर्बानीद्वारा खुदालाई सन्तुष्ट पार्नुभयो र रिझाउनुभयो ।

मसीहतमा प्रायश्चित चाहिँ मसीहको रगतद्वारा पापीहरूको पाप ढाक्नु हो । उहाँमा अब पापको सजाए छैन । कारण अब यो मानिसबाट हटाईएको छ र मसीहमा राखिएको छ जसले सबै मानिसको पापको निम्ति (कुर्बान) बलिदान हुनुभयो । यस कुरालाई रसूल यूहन्नाले यसरी बताउँछन् जसले भन्छ, "प्रेम यसैमा छ, कि, हामीले खुदालाई प्रेम गरेका होईनौ, तर उहाँले हामीलाई प्रेम गर्नुभयो र हाम्रा (गुनाह) पापको प्रायश्चित हुनको निम्ति आफ्ना पुत्र पठाउनुभयो ।" (१ यूहन्ना ४:१०)

यस प्रायश्चितले खुदाको पवित्र व्यवस्थालाई अन्याय नगरी मानिस र खुदाबीच मिलाप गर्ने ढोका खोलेको छ, जुन कुरा २ कोरन्थी ५:१९ मा पावलले भन्दछ, "अर्थात स्वयम मसीहमा हुनुभएर खुदाले संसारलाई आफुसँग मिलापमा ल्याउदैहुनुहुन्थ्यो । तिनीहरूका अपराधको लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ ।"

बाइबलले यसलाई स्पष्ट रूपमा बताउछ कि खुदा न्यायी हुनुन्छ र उहाँको न्यायले पापको सजाए खोज्दछ, त्यसैले प्रायश्चित को निम्ति (कुर्बानी) बलिदान बिना सजाय मुक्त हुन सक्दैन । यसैले (पाप) गुनाह ढाक्नको लागि बलिदान दिने चलन यही तथ्यबाट शुरू भएको हो । कुर्बानीको यो चलन अदनको बगैचामा शुरू भयो जब खुदाले आदम र हव्वाको लागि छालाको बस्त्र बनाईदिनुभयो । किनभने छालाको वस्त्र बनाउनको लागि जनावरको मार्नु आवश्यक थियो ।

हामी बाइबलबाट थाहा पाउँछौ कि खुदाले हाबिलको बलिदान (स्वीकार) गर्नुचाहिँ आउनेवाला प्रायश्चितको छाँया थियो (उत्पति ४:४) ।

यसै प्रकारले खुदाले अब्राहामलाई इसाहकलाई (कुर्बान) बलिदान गर्न भन्नुहुन्दा, यो मसीहको बलिदानद्वारा प्रायश्चितको एउटा संकेत थियो, जुन खुदाको शुरू देखिकै योजना थियो (उत्पति १२:१-४२) ।

निस्तार चाँडको थुमा जुन मानिसलाई चढाउन आज्ञा गर्नुभयो, त्यो पनि खुदाबाटको प्रवन्ध गरिएको नयाँ करारको उत्कृष्ट निस्तार चाडको थुमाको संकेत थियो (प्रस्थान १२:१-४२) । १ कोरिन्थी ५:७,८ मा रसूल पावलले भने, "हाम्रो निस्तारको थुमा, मसीहको बलिदान भैसकेको छ । यसकारण हामी पुरानो खमिरले, अर्थात कुकर्म र दुष्टताको खमिरले होइन, तर निष्कपटता र सत्यताको अखमिरी रोटीले चाड मनाऔं ।"

नयाँ करारमा प्रायश्चित उद्धारको रूपमा प्रस्तुत गरिएको छ, जुन पापी मानिसको साटोमा र उसलाई मुक्तिको लागि व्यवस्थाको माग पुरा गर्नलाई मसीहले (सलीब) क्रूसमा प्राप्त गर्नुभयो । त्यहाँ

मानिसको पापको कारणले भएको सजायको पूर्ण रूपमा पुरा गर्न उहाँको दुःखमा, वैकल्पिक मृत्युको एउटा प्रायश्चित थियो । यसले इश्वरीय न्यायको मागलाई पुरा गर्दछ र पापीहरूलाई न्याय गर्छ जसले विश्वास गर्छ र पश्चताप गर्छ ।

बाइबलीय भाषामा मसीहको मुक्तिलाई "अनुग्रह" अर्थात फजलको शब्दमा प्रस्तुत गरिएको छ । किनभने नत स्वर्गीय पिता पापी मानिसको लागि बलिदान दिनको लागि बाध्य हुनुहुन्थ्यो, न पुत्र मुक्तिदाताको क्षमता लिएर मानिसको रूप लिनलाई बाध्य हुनुहुन्थ्यो । खुदा जो दयामा धनी हुनुहुन्छ, उहाँको महान प्रेमको कारण, डरलाग्दो दुःखहरूलाई स्वीकारेर पापी मानिसको सट्टामा खुदाको (कलाम) वचनद्धारा सजायको व्यवस्थालाई अन्त गर्नुभयो । उद्धारकर्ताले यो सत्यलाई स्पष्ट पार्नुभयो जब उहाँले यूहन्ना १०:१५ मा भन्नुभयो, "म भेडाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु ।" जब हामी यो भनाईलाई यूहन्ना १५:१३ संग तुलना गर्छौं, "आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुदैन ।" खुदाले आफैलाई रित्याउन तयार हुनु र मानव शरीर धारण गर्नु, हाम्रो पापको निम्ति उहाँको जीवन (सलीब) क्रूसमा दिनुको उदेश्य हामी बुझ्न सक्छौ ।

रसूल पावल रोमीको किताबमा आधिकारिक पीडाको आवश्यक्तको बारेमा स्पष्ट बनाएका छन्, "पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन खुदाले गर्नुभयो, अर्थात उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो । यस हेतु कि व्यवस्थाको उचित आवश्यक्ता हामीमा पूर्ण होस, हामी जो पापमय स्वभाव अनुसार होइन, तर पवित्र आत्मा अनुसार चल्दछौ ।" यस भनाईको अर्थ हो कि यशैया

५३:५ को अगमवाणी पुरा गर्दै हाम्रो पापको ज्याला अनन्तीय मृत्यु मसीह आफैद्धारा लिनुभयो । जस्तो लेखिएको छ, "हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो र उसको कोर्राको चोटले हामी निको भयौ ।"

उद्धारले क्षमाको निश्चयता दिन्छ र खुदालाई विश्वास गर्ने मानिसहरूलाई निरन्तर मुक्तिको आशिषहरू दिन्छ र ती दुई कारणहरूको यस प्रकारका छन्ः

पहिलो चाहिँ, मसीहको पीडा र आज्ञाकारिताको आधारमा खुदाले विश्वासीहरूलाई उद्धारको प्रतिज्ञा गर्नुभयो । हामी रोमी ५:१८,१९ मा रसूल पावलको भनाई पढ्छौ, "यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डको भागीदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसका निम्ति धर्मी ठहराएर जीवन ल्याउँछ । किनकी जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना (रास्ताबाज) धर्मी बनाइनेछन् ।"

दोस्रो चाहिँ, उद्वारले खुदाको न्यायको मागलाई सन्तुष्ट पारेको छ किनभने यो पिता र पुत्रको बीचको अनन्तिय करारमा आधारित छ । इश्वरीय (रूहानी) प्रबन्धको विषयमा मानिसमा हुन सक्ने सम्भावित शंकालाई हटाउन यसरी लेखिएको छ, "यसकारण संसारमा आउनुहुँदा मसीहले भन्नुभयो, बलि र भेटीहरू तपाईले चाहनुभएन, तर तपाईले मेरो निम्ति एउटा शरीर तयार पार्नुभएको छ । होमबलि र पाप बलिहरूमा तपाई प्रशन्न हुनुहुन्न । तब मैले भने म यही छु, म आएको छु" (जबूर ४०:७, हिब्रु १०:५-७) । त्यसैले पापीहरूको विकल्प बन्नलाई र दोषको सजाए लिनलाई ईसा मसीह मानिस बन्नुभयो । उहाँले तोडिएको करारको मागलाई

पुरा गर्नुभयो ।

रसूल (प्रेरित) पावलले यो विषयमा सम्झाउँदै भन्छ, "तर खुदाले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै मसीह हाम्रा निम्ति मर्नुभयो । यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढी हामी खुदाको क्रोधबाट उहाँद्वारा बचाइनेछ ।" (रोमी ५:८,९)

**नजात अर्थात उद्धारको अवश्यक्ताका कारणहरू :**

१. उद्धार केबल सामुहिक आवश्यक्ता होइन तर यो हरेक व्यक्तिको आवश्यक्ता हो । गुनाहले गर्दा प्रत्येक मानिस दण्डित र नासवान भएको छ । मसीहले एक पटक प्रश्न गर्नुभयो, "मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ र ?" (मत्ति १६:२६) मानिससंग उसको प्राण बचाउने केही छैन न त उ उसको भाइलाई बचाउन सक्छ । खुदा जबूर ४९:७ मा दाउदद्वारा बोल्नुभयो, "कुनै मानिसले मोल तिरेर अर्कालाई कदापि छुटाउन सक्दैन, वा खुदालाई उसको जीवनको मोल त्यसले दिन सक्दैन ।"

मानिसको हृदयमा एउटा प्राकृतिक अन्तरज्ञानको सचेतना छ कि मात्र पश्चात्ताप गरेर पहिले गरिएको पापलाई हटाउन सक्दैन । क्षमादान पाउनको लागि त्यहाँ अरू कुनै माध्यम हुनुपर्छ र यो चाहिँ उद्धारद्वारा हो । नत्रभने प्राचिन समयदेखी नै हामी कसरी (कुर्बानी) बलिदानको बारेमा व्याख्या गर्न सक्छौ र जुन संसारको प्राय हरेक धर्ममा पाइन्छ । पापीले उद्धारको खाँचो उसको हृदयमा अनुभव गर्छ भन्ने कुरा (कुर्बानी) बलिदानको प्रचलनले दर्शाउदैन र ? हाम्रो व्यबहार दुष्टकर्म प्रति झुकाब भए तापनि हाम्रो नैतिक स्वभावले हामीलाई पवित्रताको मागलाई आदर गर्नतिर डोऱ्याउछ । हरेक

मानिसलाई यो महसुस हुन्छ कि उसले पहिले गरिएको पापको परीणामबाट मुक्ति प्राप्त गर्न उसको विवेकले झस्काइरहन्छ । मुक्ति चाहिँ उद्धारको कार्यबाट मात्र प्राप्त हुन्छ ।

### २. मानिसको भ्रष्टता खुदाको पवित्रता

खुदा (पाक) पवित्र हुनुन्छ र मानिस पापी हो । मानिसको पाप (रूहानी) इश्वरीय पवित्रताको विपक्षमा छ । यसकारण यो दोषको अधिनमा छ । यदि पश्चात्ताप गरेर धर्मी बन्न सम्भव भएपनि पापी मानिसको धार्मिकताले पहिलेको पापलाई हटाउदैन । तर यदि खुदाले उसलाई बिना उद्धार क्षमा दिनुयो भने न पापीले खुदाको व्यवस्थाको आदर गर्नेछन् न त उहाँको पवित्रताको सम्मान हुनेछ । त्यसैले, पापको दोष हटाउन र खुदाको वास्तविक सिद्ध चरित्रलाई प्रकट गर्न उहाँले उद्धारको प्रबन्ध गर्नुभएको थियो ।

### ३. उद्धार मानिसको नैतिक आवश्यक्तासंग सम्बन्धित हुन्छ ।

मानिससँग नैतिक स्वभाव छ । उसको विवेकले उसलाई न्याय र पवित्रताको उत्कृष्टताको बारेमा सिकाउछ । यदि उ पापको दोषी छ भने र प्रायश्चितको बारेमा केही थाहा छैन भने उसको विवक भ्रममा छ । जे भए पनि, उद्धारको माध्यमद्वारा पापको क्षमादानले मानिसको विवेकलाई सन्तुष्ट पार्छ र उसको नैतिक आवश्यक्तालाई पुरा गर्छ ।

### ४. उद्धारले व्यवस्थाको आवश्यक्तालाई पुरा गर्छ ।

व्यवस्थाले पापीलाई सजायको माग गर्दछ । सजाय बिनाको व्यवस्था व्यबहारिक हुदैन । एउटा आदरयोग्य व्यवस्थाले गुनाहको सजाय खोज्दछ र उद्धार बिनाको (माफी) क्षमादानको अर्थ चाहिँ कमजोर र असफल व्यवस्था हो ।

यसले मत्ति ५:१८ मा मसीहको भन्नुभएको भनाईको विरोध गर्छ, "किनभने म साच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जादैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन ।" उद्धार बिनाको क्षमादान चाहिँ पाप दण्डित हुनुपर्दैन भन्ने भनाई जस्तै हो । यो चाहिँ खुदाको न्याय र पवित्रताको ठाँडो अपमान हो ।

**५. खुदाको (कलाम) वचनमा उद्धार विषेश तरिकाले उल्लेख गरेको छ ।**

यदि उद्धारको आवश्यक्ता नहुदो हो त खुदाले यसको विषयमा उहाँको पवित्र (कलाम) वचनमा समावेस गर्नुहुन्नथ्यो । यूहन्ना ३:१४ मा मसीह भन्नुहुन्छ, "जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ र ज-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ ।"

**६. नैतिक आदेशको आवश्यक्ता**

खुदा एउटा नैतिक न्यायकर्ताको रूपमा उहाँको आफ्नो न्यायको ओहदामा सहमत हुनुपर्छ । खुदाले राज्य गर्ने नैतिक संसारमा अनाज्ञाकारिता र भ्रम अनुमोदित हुनुहुदैन । उहाँको आज्ञा उल्लंघन गर्नेहरूमाथि उहाँ नरम बन्न सक्नुहुन्न, तर उल्लंघन गर्नेहरूको लेखा राख्नुपर्छ र सजाय दिनुपर्छ । वास्तवमा पापीको उद्धारको इश्वरीय प्रवन्धमा खुदा पापीको पापप्रति अरूचि दर्शाउनुहुन्छ र दुष्टमाथि उहाँको श्राप प्रकट गर्नुहुन्छ । उहाँको व्यवस्थालाई आदर गर्नको लागि उहाँले पापीहरूको निम्ति मिलापको ढोका खोल्नुभएको छ ।

## ७. हरेक धर्ममा प्रायस्चिको औचित्य हुन्छ भन्ने तथ्य

यसले देखाउछ कि मानिसको विवेकले उद्धार खोज्दछ र पापको पश्चात्तापले मात्र उ सन्तुष्ट हुदैन । मानिस प्रायश्चितको खोजी गर्छ, जुन पापी मानिसको निम्ति रगतको (कुर्बानी) बलिदानद्वारा गरिन्छ । जस्तो लेखिएको छ, "रगत नबगाईकन पापको क्षमा हुन सक्दैन" (इब्रानी ९:२२) ।

यी सबै कारणहरूले उद्धारको आवश्यक्तालाई प्रमाणित गर्छ ।

**असल कार्यहरू र क्षमा :**

१. असल कार्यहरू नैतिक बाध्यता हो र गर्नु पनि पर्छ, तर असल कार्यहरूले गरिएको पापको क्षतिपूर्ति तिर्दैन । अर्को शब्दमा, पहिले गरिएको पापको क्षमाको माध्यम तिनीहरू कहिल्यै बन्न सक्दैन । यो सत्यतालाई मसीहले उहाँको वचनद्धारा संकेत गर्नुभयो, "यसरी नै तिमीहरूलाई अह्राएका सबै काम पुरा गरेपछि तिमीहरूले पनि यसो भनः हामी नालायक दास हौ, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौ ।" र रसूल पावल एफिसी २:९ मा भन्छ, "किनभने अनुग्रहबाट वश्वासद्धारा तिमीहरूले (नजात) उद्धार पाएका छौ र यो तिमीहरू आफैबाट होइन, यो त खुदाको वरदान हो । कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।"

२. हाम्रो सम्पतिहरू, सु-स्वास्थ्य, ती सबै खुदाबाट आएको हो र ति कुराहरूका उहाँले हामीलाई सुम्पिदिनुभएको छ । जब हामी दयाले (जकात) दान दिन्छौ अथवा (खिदमात्) सेवा प्रदान गर्छौ, हामीले आफ्नो कुनै (कुर्बानी) बलिदान गरेका छैनौ वा इनाम पाउने कुनै काम गरेको छैन ।

दाऊदले मन्दिर बनाउनको लागि रूपैया पैसा दिए पछि यसको बारेमा दाऊदले १ इतिहास २९:१४ मा बोले, "तर म को हुँ, अनि मेरा प्रजा को हुन्, कि हामी उदार चित्तले यसरी दिन सक्छौ ? सबै कुरा तपाईबाटै आउँछन्, र तपाईकै दानबाट हामी तपाईलाई दिँदछौ ।"

३. हाम्रो असल कामहरूले खुदाको विरूद्धमा गरेको अपमान र अनादरलाई हटाउन सक्दैन । उहाँको पवित्रता, धार्मिकता र सत्यता असिमित छन् । त्यसैले असल कार्यहरूले हामी क्षमा पाउन सक्दैन ।

४. खुदाको उपस्थितिमा हुनको लागि हामी (पाक) पवित्र हुनुपर्छ । पवित्रता बिना हामी खुदालाई देख्न सक्दैन । असल कामले मात्र हामीलाई पवित्र बनाउन सक्दैन । खुदाको (रूह) आत्मामा जन्मिएको विश्वासीहरूलाई मात्र पवित्रता दिइएको छ । मसीहले भन्नुभयो, "कोही पानी र आत्माद्वारा जन्मेन भने खुदाको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, (रूहुल कुद्दुस) पवित्र आत्माबाट जन्मेको आत्मा हो ।"

**५.३ प्रार्थना (दुआ) र क्षमा**

प्रार्थना खुदासंगको सम्बन्ध राख्नको लागि कुराकानी गर्ने र उहाँको व्यक्तित्वको मनन गर्ने माध्यम हो ।

पापी मानिस खुदाबाट टाढिएको छ र उसको (दुआ) प्रार्थना स्वीकारयोग्य छैन । त्यसकारण उसले प्रार्थनाको जवाफ पाउँदैन । खुदाले नबी यशैयाद्वारा यो कुरा भन्नुभयो, "तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना खुदाबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ

र उहाँले तिमीहरूका कुरा सुन्नुहुनेछैन । किनकी तिमीहरूका हात रगतले र तिमीहरूका औंला दोषले पोतिएका छन्, र तिमीहरूका ओठले झूठा कुराहरू बोलेका छन्, र तिमीहरूको जिब्रोले दुष्ट कुराहरू बक्छ ।" यो सत्यता दाउदले पनि अनुभव गरेर भने, "यदि मैले मेरो हृदयमा अधर्मलाई आश्रय दिएको भए, खुदाले सुन्नुहुने थिएन ।" (जबूर ६६:१८)

### ५.४ उपवास (रोजा) र क्षमा

उपवास (रोजा) पनि प्रार्थना जस्तै (इबादत) आराधनाको धेरै रूपहरूमध्ये एउटा हो । यो खुदा सामु नम्रता र तोडिएको एउटा पक्ष हो तर यसले पहिलेको पतनको अवस्थाबाट धार्मिकताको अवस्थामा ल्याउन सक्दैन । पवित्र खुदालाई प्रार्थना जस्तै (रोजा) उपवाससंग पापको मोल तिर्ने योग्यता छैन । त्यसैले यो क्षमाको माध्यम बन्न सक्दैन । नबी जकरियाद्वारा खुदाले भन्नुभयो, "जब तिमीहरू उपवास (रोजा) बस्थ्यौ र विलाप गर्थ्यौ, तब के त्यो उपवास मेरै निम्ति गर्थ्यौ र ? अनि जब तिमीहरू खान्थ्यौ र पिउँथ्यौ, तब के तिमीहरू आफ्नै निम्ति भोजन गर्दैनथ्यौ र ?" (जकरिया ७:५,६)

### सारांश

१. मानिसको मुक्ति उद्धारमा आधारित छ । यो एउटा दार्शनिक सिद्धान्त मात्र होइन, तर पतन भएको मानिसको पापको भारी हटाउन आवश्यक तत्व हो ।

२. आदम पतन भएको कुरामा हामी सबै जना सहमत छौ र उसको पतन सबै मानव जातिमा भित्रियो । किनभने आदम इश्वरीय परीक्षामा मानिसको प्रतिनिधि थियो । यसकारण मानिसको

सट्टामा मसीहलाई पठाउन, खुदा उहाँको प्रेममा सबै मानव जातिको पापको दण्डलाई हटाउने योजना बनाउनुभयो, जसलाई उहाँले आफ्नै स्वरूपमा सृष्टि गर्नुभएको थियो ।

मनिसलाई बचाउनको लागि यो विकल्पले खुदाको प्रेम र शक्ति व्यक्त गर्न सक्नुपर्छ । यस्तो किसिमको प्रेमको अभिव्यक्ति खुदा आफैबाट आउनुपर्छ । त्यसैले खुदा उहाँको प्रेममा मानव जातिको लागि यो इच्छा गर्नुभयो कि मसीह शरीरमा र मानिससंग रगतको सम्बन्धमा भाग लिनुपर्छ र मानिसको सट्टामा सिद्ध विकल्प हुनुपर्छ । जसरी एक जना रसूलले मसीहलाई दोस्रो आदम भनि सम्बोधन गरे । पहिलो आदम पतनको रूपमा प्रस्तुत भयो भने दोस्रो आदम प्रायश्चित र उद्धारको लागि मानिसको सट्टामा विकल्प बन्नुभयो ।

३. पापको पुरा मुल्य तिरी, संसारबाट पाप हटाउनको लागि यो प्रतिनिधि आवश्यक थियो । मसीहले यो मुल्य (सलीब) क्रूसमा तिर्नुभयो जहाँ उहाँले हाम्रो पापहरू उहाँको शरीरमा बोक्नुभयो । पुरानो (अहदमाना) करारमा भएको रगतको बलिदानले मसीहले पापी मानिसको (नजात) छुट्कारा निम्ति गर्नुहुने क्रूसको बलिदानलाई औंल्याउँछ जो खुदाको निर्दोष थुमा हुनुहुन्छ, जस्तो नबी यूहन्नाले मसीहको बारेमा गवाही दिए, "हेर, संसारको गुनाह अर्थात पाप उठाइलैजाने खुदाको थुमा" यूहन्ना १:३५ ।

मसीहको (कुर्बानी) बलिदानको एउटा विषेश गुण के हो भने यसले मानिसलाई नजात अर्थात मुक्ति मात्र दिदैन तर नैतिक रोगहरूलाई पनि निको पार्छ र ज-जसले उहाँलाई ग्रहण गर्छन्, तिनीहरूको जीवन फेरी नयाँ हुन्छ ।

अब उसमा पापप्रतिको घृणा पैदा हुन्छ । क्रूस अर्थात सलीबले विषेशरूपमा पापको घिनलाग्दो कामहरू र यसको डरलाग्दो सजाय हेर्नलाई उसको दिमागको आँखा खोलिदिएको छ ।

यो बिन्दुमा (प्रेरित) रसूल यूहन्नाको भनाई सान्दर्भिक हुन्छ, "तर उहाँ ज्योतिमा हुनुभएझै यदि हामी पनि ज्योतिमा हिड्छौ भने, एक–अर्कासित हाम्रो संगति हुन्छ र उहाँको पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।" १ यूहन्ना १:७

यसैले हामीलाई सृष्टि गर्नुहुने खुदाले हामीलाई यस्तो महान् प्रेम गर्नुभयो र हाम्रो (पाप) गुनाहबाट हामीलाई छुट्कारा दिन मसीहलाई यस संसारमा पठाउनुभयो जस्तो लेखिएको छ, "खुदाले हामीलाई उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छदै मसीह हाम्रो लागि मर्नुभयो ।" रोमी ५:८

प्रिय मित्र, यो किताब तपाईंलाई कस्तो लाग्यो ? यो किताब पढेपछि तल दिइएको सवालहरूको जवाफ दिनुहोस् ।

१. कुरआनमा (पाप) गुनाहलाई जनाउने कति वटा नामहरू दिइएको छ ?

२. के कुरआनले आदम र हव्वा (पापी) गुनाहगार थिए भनि भन्दछ ?

३. आदम र हव्वाको गुनाह बारे कुरआनको कुन कुन (खण्ड) आयतहरूमा बताइएको छ ?

४. कुरआन अनुसार "आदम खुदाको (विरूद्ध) खिलाफ गए र तिनी गुमराह भए" भन्ने भनाईलाई व्याख्या गर्नुहोस् ।

५. ईसाईत्व अथार्त मसीहतमा (पाप) गुनाहको परिभाषा कस्तो छ ?

६. गुनाह (पाप) यस दुनियाँमा कसरी प्रवेश गर्‍यो ?

७. आदमको पतनपछि गुनाह सबै मानिसमा फैलियो । के यो साँचो हो ? यस भनाईलाई साबित गर्नुहोस् ।

८. गुनाहले मानिसलाई कस्तो प्रभाव पारेको छ ?

९. गुनाहको ज्याला (मज्दुरी) के हो ?

१०. गुनाहको प्रायश्चितबारे बताउने कुरआनको (खण्ड) आयतहरू कति वटा छन् ?

११. कुरआनको भनाई अनुसार, गुनाहको प्रायश्चितको अर्थ के हो ?

१२. इस्लाममा प्रायश्चित र माफी बीच के भिन्नता छ ?

१३. इस्लाममा कसरी गुनाहको माफी पाइन्छ ? ती कति प्रकारका छन् ?

१४. ईसाईत्व अर्थात मसीहतमा प्रायश्चितको अर्थ के हो ?

१५. नयाँ (अहदनामा) नियममा प्रायश्चित कसरी पूर्ण भयो ?

१६. के गुनाहको माफीको निम्ति छुट्काराको आवश्यक्ता छ ?

१७. मानिसलाई किन (मुक्ति) नजातको खाँचो छ ?

१८. मानिसलाई नजातको खाँचो छ भन्ने कुरा यसको कारण, नियम (शरियत) र नैतिकता अनुसार साबित गर्नुहोस् ।

१९. यस किताबको मुल विषयलाई बाइबलको एक (आयत) पदद्वारा संक्षिप्त व्याख्या गर्नुहोस् ।

माथि दिइएका यी सवालहरूको जवाफ एक सादा पानामा लेखि पठाउनुहोस् । यदि तपाईंसँग अझै कुनै सवालहरू छन् भने वा ईसा मसीहको बारेमा अझ बढी बुझ्न चाहनुहुन्छ भने कृपया हामीलाई यस ठेगानामा लेख्नुहोला । हामी तपाईंको चिठीको प्रतिक्षामा छौ ।


पत्राचार ठेगाना :

**खुदाका कलाम**

पो.ब.नं. १६१५, काठमाडौं, नेपाल

इमेल : khudakakalam@gmail.com

मो.नं. ९८०८०८३५२०